# याद गरौं !

## व्यापारिक साँठगाँठले पनि खाद्य पदार्थको भाउ बढाइरहेको छ



तपाईंलाई थाहा छ ? व्यापारिक साँठगाँठले मूल्य वृद्धिको आगोमा घ्यू थप्ने काम गरिरहेको छ । नेपालको प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३ ले व्यापारिक साँठगाँठ गरी निम्न कार्यहरू गर्न प्रतिबन्ध लगाएको छ :

- मूल्य वृद्धि गर्ने वा मूल्य निर्धारण गर्ने
- कृत्रिम अभाव सिर्जना गर्ने
- कम गुणस्तरका वस्तु वा सेवा बिक्री/आपूर्ति गर्ने
- उपभोक्ताहरूबीच मूल्यमा भेदभाव गर्ने
- ठेक्का पट्टामा अनियमितता गर्ने
- यातायातमा आलोपालो प्रणाली (सिण्डिकेट) लागू गर्ने




नेपालको कानूनले व्यापारिक साँठगाँठलाई फौजदारी अपराध मानेको छ । त्यस्ता साँठगाँठ गर्ने व्यक्ति वा व्यापारिक प्रतिष्ठानका प्रमुखलाई पाँच लाख रूपैयाँसम्म जरिवाना हुन सक्दछ । कसैले व्यापारिक साँठगाँठ गरी यस्तो कार्य गरेको सूचना तपाईंले जिल्ला प्रशासन कार्यालयमा दिनु भई अपराधीलाई सजाय दिलाउन सहयोग गर्नुभएमा तपाईंलाई सरकारले उचित क्षतिपूर्तिको साथै उचित पुरस्कार पनि दिन सक्दछ ।

Oxfam Novib
sawtee